केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१७/०७३/७४ मिति: २०७३/१२/०६

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

सम्मानित श्री सर्वोच्च अदालतको मिति २०७३/०७/०८ मा भएको फैसलाबाट देहाय बमोजिमको ५ बुँदे निर्देशनहरु सबै बैंक तथा वित्तीय संस्थाहरुले कार्यान्वयन गर्ने व्यवस्था मिलाउन यस बैंकलाई आदेश भएको हुँदा सो निर्देशनहरु तत्काल कार्यान्वयन गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१) *कर्जा लिने क्रममा नै ऋणीको सम्पत्तिको सही मूल्याङ्कन हुने वातावरणको सुनिश्चितता गर्ने ।*

२) *धितो रहेको सम्पत्ति लिलाम गर्दाको बखतको प्रचलित बजार मोल अनुसार लिलाम बिक्री तथा सकार गर्ने गराउने गरी व्यवस्था गर्ने ।*

३) *प्रत्येक ऋणीले ठगी गर्ने नियतवश नै कर्जा लिएको रकम नबुझाएको हो भन्ने मान्यता कर्जा प्रदायक संस्थाले राख्नु उपयुक्त नहुने हुनाले ऋणी र निजका परिवारप्रति सम्मान र सहानुभूति राखी न्यायोचित तवरले कर्जा असुल गर्ने प्रक्रिया थाल्न उपयुक्त हुने हुँदा सो को सुनिश्चितता हुने गरी व्यवस्था मिलाउने ।*

४) *कर्जा लिंदाका बखत गरिएको वाचा विपरीत बारम्बार व्याजदरमा बृद्धि नगर्ने नगराउने ।*

५) *ऋण असुली प्रक्रिया प्रारम्भ भएपछि ऋणीको परिवारसँग सम्बन्धित अन्य सदस्यहरुको सामाजिक प्रतिष्ठा, इज्जत, सम्मानमा प्रतिकूल प्रभाव नपर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।*

भवदीय,

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।
(१४) श्री कर्जा सुचना केन्द्र, हेरिटेजप्लाजा, काठमाण्डौ ।